अन्नपुर्ण गाँउपालिका

# स्थानिय राजपत्र

वर्षः १    खण्डः१४    २०७७।०६।०७ गते

भाग २

## अन्नपुर्ण गाँउपालिकाको स्थानीय पर्यटन विकास कार्यविधि, २०७६

प्रस्तावना : अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकासका माध्यमबाट पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा पर्यटकीय क्षेत्रको प्रचार प्रसार, संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक भएकोले अन्नपूर्ण गाउँ कार्यपालिकाबाट स्थानीय स्थानीय पर्यटन विकास कार्यविधि, २०७६ बनाइ जारी गरिएको छ :

परिच्छेद-१

**प्रारम्भिकः**

**१.संक्षिप्त नाम र परिभाषा :-**

(१) यस कार्यविधिको नाम :- अन्नपूर्ण गाउँपालिकाको स्थानीय पर्यटन विकास कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्विकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) “कार्यविधि” भन्नाले अन्नपूर्ण गाउँपालिकाको स्थानीय पर्यटन विकास कार्यविधिलाई सम्झिनु पदर्छ ।

(२) “उपभोक्ता” समिति भन्नाले पर्यटन विकास कार्यक्रमबाट सञ्चालन हुने आयोजनाका उपभोक्ता समितिलाई सम्झनु पर्दछ ।

(३) “गाउँपालिका” भन्नाले अन्नपूर्ण गाउँपालिकालाई सम्झनु पर्दछ ।

(४) “आन्तरिक” स्रोत भन्नाले गाउँपालिकाको आर्थिक ऐन, बमोजिम गाउँपालिकालाई प्राप्त हुने आन्तरिक स्रोतको रकमलाई सम्झनु पर्दछ ।

(५) "अध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।
(६) "प्रमुख" प्रशासकीय अधिकृत"भन्नाले अन्नपूर्ण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।
**३. उद्देश्य** :- यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :
(१) गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्ने ।
(२) पर्यटन विकासको माध्यमबाट रोजगार सृजना गरी गाउँपालिकामा आर्थिक समृद्धी हासिल गर्ने ।
(३) अन्नपूर्ण गाउँपालिकामा भएका पर्यटकीय क्षेत्रहरुको पहिचान, प्रवर्द्धन, संरक्षण तथा सम्वर्द्धन गरी पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्ने ,

## परिच्छेद-२

**४.पर्यटन विकास कार्यक्रम सञ्चालन हुने क्षेत्र** : अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकासका कार्यक्रमहरु सञ्चालन गरी स्थानीय भाषा, धर्म, सँस्कृती, चालचलन, भेषभुषा, परम्परा, संरक्षण, सम्वर्द्धन गर्नुका साथै अन्नपूर्ण गाउँपालिकामा नयाँ पर्यटन गन्तव्यहरुको पहिचान, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन तथा प्रचार प्रसार र पर्यटन पूर्वाधारको विकासका माध्यमबाट अन्नपूर्ण गाउँपालिकालाई पर्यटन गन्तव्यका रुपमा विकास गरी समग्र म्याग्दी जिल्ला र यस क्षेत्रकै विकास गर्नको लागि पर्यटकीय संभावनाहरुहरुको पहिचान गरी पर्यटन विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
(१) संस्कृति संरक्षण :
(क) स्थानीय चालचलन, धर्म संस्कृतिको संरक्षण,
(ख) भाषा, भेष भुषा, परम्पराको संरक्षण तथा प्रवर्द्धन,
(ग) स्थानीय, कला, सीप तथा परम्परागत प्रविधिको संरक्षण तथा प्रवर्द्धन,
(घ) संस्कृति संरक्षणका लागि महोत्सव तथा प्रर्दशनीको सञ्चालन,
(ङ) स्थानीय संग्राहालयको स्थापना तथा व्यवस्थापन ।
(२) कृषि पर्यटन :
(क) एक वडा एक उत्पादन क्षेत्र कार्यक्रम सञ्चालन,
(ख) स्थानीय प्रजातिहरुको संरक्षणका कार्यक्रम सञ्चालन,
(ग) बिऊ बिजनको संरक्षण, बिऊ बैंकको स्थापना तथा नर्सरी सञ्चालन,
(घ) मत्स्य विकास तथा ह्याचरीको स्थापना (स्थानीय प्रजाति, ट्राउट आदि)
(३) सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन :
(क) अन्नपूर्ण गाउँपालिका भित्रका ऐतिहाँसिक, पुरातात्वीक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन,
(ख) गाउँपालिका भित्र रहेका ताल तलैयाहरुको संरक्षण, सम्वर्द्धन तथा ताल तलैयाहरुलाई उत्पादनमुखी बनाउने कार्यक्रम ।

## परिच्छेद-३

**कार्यक्रम सञ्चालन विधि**

**५. सार्वजनिक निजी साझेदारी कार्यक्रम** :- पर्यटन विकासका कार्यक्रमहरु सार्वजनिक निजी साझेदारीमा समेत सञ्चालन गर्न सकिनेछ ।

**६. उपभोक्ता समितिलाई प्राथमिकता :**

(१) कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समितिसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्दा लागत सहभागिता, जनसहभागिताको आधारमा कार्यसूची अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै उपभोक्ता समिति

मार्फत सञ्चालन गर्ने गरी सम्झौता गरिएका आयोजना ठेकेदार मार्फत सञ्चालन गराएको पाइएमा सम्झौता रद्द गरी अन्य प्रक्रियाद्वारा आयोजना सञ्चालन गर्न सकिनेछ ।

(२) उपभोक्ता समितिबाट कार्यान्वयन गर्न सकिने भएसम्म ठेक्का पट्टाबाट नगरी उपभोक्ता समितिबाटै गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ । अर्थात उपभोक्ता समितिलाई प्राथमिकता दिईनेछ । तर उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजना जस्तै : सबै प्रकारका सभा भवन, पुल, कल्भर्ट निर्माण, ढल निर्माण, बाल उद्यान, पार्क तथा फन पार्क निमार्ण, जस्ता भौतिक पूर्वाधार विकासका आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिसँग लोडर एक्जाभेटर जस्ता ठूलो मेशिनरी सामग्रीहरु उपलब्ध नहुने भएकोले ठेक्का पट्टाद्वारा सञ्चालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-४

**संगठनात्मक स्वरुप**

**७. अन्नपूर्ण पर्यटन विकास समिति :-**

(१) यस कार्यक्रम सञ्चालन गर्नका लागि देहाए बमोजिमको समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(घ) पर्यटन हेर्ने शाखा प्रमुख (आवश्यकतानुसार बिषयगत प्रमुख) – सदस्य

(ङ कार्यपालिकाका सदस्यहरु मध्येबाट २ महिला सहित ३ जना – सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

समितिले आवश्यकता अनुसार कार्यपालिका सदस्य तथा बिज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

(२) अन्नपूर्ण पर्यटन विकास समितिको काम, कर्तव्य र अधिकार :-

(क) आफ्नो गाउँपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्वीक, सम्पदाहरुको लगत संकलन, संरक्षण सम्वर्द्धन तथा प्रवर्द्धन कार्य गर्ने गराउने ।

(ख) गाउँपालिका भित्र रहेका प्राकृति सम्पदाहरुः वनजंगल, ताल तलैयाको संरक्षण तथा प्रवर्द्धन गर्ने गराउने ।

(ग) आन्तरीक तथा बाह्य पर्यटकहरुलाई लक्षित गरी गन्तव्य अन्नपूर्ण जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

(घ) गाउँपालिकास्तरका पर्यटन तथा संस्कृति क्षेत्रका कार्यक्रमहरुलाई प्रभावकारी बनाउनका लागि आवश्यक निर्देशन, समन्वय तथा सहयोग गर्ने ।

(ङ) पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्न अन्नपूर्ण गाउँपालिका भित्रका पर्यटकिय क्षेत्रहरुको पहिचान, नयाँ गन्तव्यको खोजी तथा सम्भाव्यता अध्ययन गरी आवधिक तथा दीर्घकालीन पर्यटन गुरु योजना निर्माण गर्ने र गर्न लगाउने ।

## परिच्छेद-५

**८. आयोजना कार्यान्वयन प्रक्रिया** :- गाउँपालिका क्षेत्रमा पर्यटन विकासका लागि वार्षिक तथा आवधिक रुपमा बजेट विनियोजन गरिनेछ । गाउँपालिकाको बजेटबाट कार्यक्रमबाट सञ्चालन हुने आयोजनाहरुको कार्यान्वयन प्रक्रिया स्थानीय गाउँपालिकाको आर्थिक ऐन, कार्यविधि तथा सोको नियमावली अनुसार हुनेछ । संघ, प्रदेश र अन्य निकायबाट हुने कार्यक्रममा यस कार्यविधिबाट असर पर्ने छैन ।

**९. कार्यक्रम तथा आयोजना सम्पन्न गर्नु पर्ने समयावधि** :- अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकास कार्यक्रम तर्फ सञ्चालन हुने आयोजनाहरु वार्षिक, वहूवर्षिय प्रकृतिका हुनेछन । वार्षिक कार्यक्रम एक आर्थिक वर्षको मसान्त भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

**१०. आयोजनाको अनुगमन** :- अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकास क्षेत्रका कार्यक्रम संचालित आयोजनाको अनुगमन यस समिति र गाउँपालिकाबाट गरिनेछ । अनुगमनको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**११. विवरण सार्वजनिक गर्ने** :- अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकास कार्यक्रम तर्फ संचालित आयोजना सम्पन्न भएपछि आयोजनको भौतिक उपलब्धि र खर्च सम्बन्धी विवरण सार्वजनिक गरी गाउँ कार्यपालिकामा पठाउनु पर्नेछ ।

## परिच्छेद-६

**विविध**

**१२. सहयोग गर्नुपर्ने** :- यस निर्देशिका मुताविक अन्नपूर्ण गाउँपालिकाको पर्यटन विकास कार्यक्रम सञ्चालनका लागि स्थानीय प्रशासन, समुदाय, संघ संस्था तथा सरोकारवालाहरु सबैको सहयोग गर्नुपर्ने कर्तव्य हुनेछ ।

**१३. निर्देशनको पालन** :- अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकास कार्यक्रमको सञ्चालनको लागि गाउँ कार्यपालिकाको निर्देशन पालना गर्नु सम्बन्धित सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

**१४. बाधा अड्काउ फुकाउने** :- पर्यटन क्षेत्रका कार्यक्रम कार्यान्वयन वा आयोजना सञ्चालन सम्बन्धमा कुनै बाधा अड्काउ परेमा पर्यटन विकास समितिको सिफारिसका आधारमा गाउँ कार्यपालिकाको निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

**१५. कार्यविधिको संशोधन गर्न सक्ने** :- अन्नपूर्ण गाउँपालिकाको स्थानीय पर्यटन विकास कार्यविधि, २०७६ समयानुकुल बनाउन वा आइपरेका समस्याको समाधान गर्नका लागि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले कार्यविधि संसोधन गर्न सक्नेछ ।

१६ निर्देशिका बनाउन सक्ने :- यस कार्यविधिको पूर्ण कार्यान्वयनको लागि अन्नपूर्ण गाउँ कार्यपालिकाबाट निर्देशिका तयारी गरी जारी गर्न सक्नेछ ।

प्रमाणिकरण मिति २०७६।०७।०८

राजपत्रमा प्रकाशित मिति २०७७।०६।०७

आज्ञाले,

नविन सुवेदी

प्रमुख प्रशासकिय अधिकृत